हरेक राष्ट्रमा सुसमाचार पुऱ्याउनु

पाष्टरीय तालीम पुस्तिका

२७

तालीम र वृद्धि

T&M ®

यो पाठद्वारा तपाईको मण्डली मिसनमा सहयोग गर्ने अनि मिसनेरीहरु पठाउने हुन सकोस् भनी प्रार्थना गर्नोस् ।

पुरानो करारमा महान आज्ञा

येशू खीष्टले हामीलाई आज्ञा गर्नुभयो, *"जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ"* (मत्ती २८:१९)। बाइबलको पहिलो पुस्तकदेखि नै संसारका सारा राष्ट्रहरुमा सुसमाचार पुऱ्याउने परमेश्वरको योजना भएको प्रकट हुन्छ । गलाती ३:८ अनुसार, सुसमाचार अब्राहामलाई घोषणा गरि एको थियो । उत्पत्ति १२:१-३ मा, परमेश्वरले अब्राहामसंग उसको वंशद्वारा *"सारा पृथ्वी आशिषित हुने कुरा"* प्रतिज्ञा गर्नुभयो । पछि यो प्रतिज्ञा त्यतिबेला दोहोरियो जब अब्राहाम आफ्नो पुत्र इसहाकलाई बलिदान गर्न तयारी भए ।

"तैरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरु आशीर्वादी हुनेछन् ।"
(उत्पत्ति २२:१८)

बाइबलमा, “राष्ट्रहरु” भन्नाले (देशहरु होइन) सांस्कृतिक झुण्डहरु बुझिन्छ। बाइबलमा सर्वप्रथम कहाँनेर *“पृथ्वीका सबै जातिहरु आशिषित हुनेछन्”* भनिएको पाइन्छ ?

_____मा ।

सही उत्तर दिनोस्:

महान आज्ञामा भनिएको “राष्ट्र” शब्दले के बुझाउँछ (मत्ती २८:१८-२०)?

☐ सांस्कृतिक झुण्डहरु ।

☐ राजनैतिक देशहरु ।

पुरानो करारमा, अब्राहामको सन्तानहरु (इस्राएलीहरु)ले पृथ्वीमा भएका सांस्कृतिक झुण्डहरुलाई यो प्रतिज्ञाले भरिएको आशिष लैजाने काममा उहाँका हतियारहरुको रुपमा चलेनन्। कति उल्टो कुरो भयो ! धेरैले छिमेकीको अन्य देवीदेवताका मूर्तिहरु पुज्दै परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

यसरी नै अगमवक्ता योना पनि अन्यजातिहरु रहेको शहर निनवेमा प्रचार गर्न नगई, एक नौकामा चढी भागेको पाउँछौं ।

यसकारण हामी देख्दछौं कि तिनीहरुको अनाज्ञाकारिताले गर्दा, इस्राएलीहरु सारा राष्ट्रहरुको निम्ति परमेश्वरको हतियार बन्न सकेनन् ।

पुरानो करारमा, परमेश्वरको प्रतिज्ञा सारा राष्ट्रहरुमा लैजाने जिम्मेवारी कसले पाएका थिए, तर तिनीहरु असफल भए ?

☐ इस्राएलीहरु ।

☐ एदोमीहरु ।

तर जब प्रभुले केही निर्णय गर्नुहुन्छ, केहीले पनि उहाँलाई र ोक्नसक्दैन । यशैया ४९:६ ले घोषणा गर्दछ, *"पृथ्वीको पल्लो छेउसम्म तैंले मेरो उद्धार पुऱ्याओस् भनी अन्यजातिहरुकहाँ एउटा ज्योति पनि म तँलाई बनाउनेछु ।"* अनन्त उद्धार आयो, तर सम्पूर्ण इस्राएल राष्ट्रबाट होइन, तर अब्राहामबाट आउनुभएको इस्राएली वंश, परमेश्वरको पुत्र येशूद्वारा । उहाँ नै मसीह हुनुहुन्छ, परमेशवरबाट अभिषिक्त हुनुभएका राजा, जसले सबै राष्ट्रहरुमा आशिष ल्याउनु हुनेछ ।

नयाँ करारमा महान आज्ञा

येशू ख्रीष्ट परमेश्वरको अनन्त योजना पूरा गर्न आउनुभयो । येशूले आफ्ना चेलाहरुलाई दिनुभएको अन्तिम आज्ञा सारा र ाष्ट्रहरुमा जाने अनि चेला बनाउनु पर्ने नै थियो । यसले प्रचीन कालमा अब्राहामलाई दिइएको प्रतिज्ञा पूरा हुन्छ । प्रभु येशूले भन्नुभयो:

"राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको लागि प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।"

(मत्ती २४:१४)

गलाती ३:२९ अनुसार, अब अब्राहामका वंशज को हुन्, जो पर मेश्वरले अब्राहामसंग प्रतिज्ञा गर्नुभएको उत्तराधिकारीहरु हुन् ?

परमेश्वरको वचनको अन्तिम पानाहरुमा परमेश्वरको सिंहानसन अघि जम्मा हुनेहरुलाई देखाइएको छ (प्रकाश ७:९)।

"यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरु, मानिसहरु र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें...।"

चाँडै परमेश्वरको योजना र प्रभु येशू खीष्टको आज्ञा पूरा हुनेछ !

सारा राष्ट्रहरुलाई आशिष दिने परमेश्वरको अनन्त उद्देश्यबारे बाइबलभरिनै प्रकट गरिएको छ। यो _____ को पुस्तकबाट शुरु भई _____ को अन्तिम पुस्तकसम्म बयान भएको हामी पाउँदछौं ।

सबै राष्ट्रहरुबाट स्वागत !

प्रेरितको पुस्तकमा महान आज्ञा

कसरी चेलाहरुले महान आज्ञा पूरा गर्न थाले भनी प्रेरितको कर्मले हामीलाई बताएको छ । प्रभु येशू खीष्टको आज्ञालाई यो पुस्तकले प्रथम अध्यायमा दोहोऱ्याएको छ । (प्रेरित १:८)

अहिल्यै यो पद कण्ठ गर्नोस्, कृपया गरी:

“तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अतिम छेउसम्म मेरा साक्षी हुनेछौ ।”

(प्रेरित १:८)

प्रेरितको कर्मका मुख्य पद कुन हो ? प्रेरित अध्याय _____ पद _____

यो पद यसै पुस्तकमा विस्तारपूर्वक भनिएको येशू खीष्टको मण्डलीको शुरुवात र वृद्धिको सारांश हो ।

प्रेरितको पुस्तक:



(अध्यायहरु १ देखि २ सम्म)

तिनीहरुले प्रभु येशू खीष्टको.
निम्ति गवाही बन्न पवित्र आत्माको
शक्ति प्राप्त गरे ।

(अध्यायहरु २ देखि ७ सम्म)

तिनीहरु यरुशलेमको
शहरमा साहसपूर्वक गवाही
बने । त्यहाँ मण्डली बढो
द्रूतगतिमा बढ्यो ।



(अध्याय ८:१-४)

तिनीहरुले यहूदिया र सामरियामा प्रचार गरे । यरुशलेममा सतावट भएको कारण तिनीहरु त्यहाँ गएका थिए । तिनीहरु वरिपरिका इलाकाहरुमा जानसकून् भने परमेश्वरले यो सतावट हुन दिनुभयो ।

(अध्याय ८:४-२५)

फिलिपले सामरियामा प्रचार गरे । सामरीहरु छुट्टै संस्कृति र धर्म भएका छिमेकी मानिसहरु थिए । उनीहरु र यहूदीहरुको माझमा सधैं तनाव रहन्थ्यो ।

(अध्यायहरु ८:२६ देखि २८)

तिनीहरु विदेशी राष्ट्रहरुमा पुग्न थाले ।

राष्ट्रहरुमा खीष्टको राज्य विस्तारको निम्ति, प्रभुले बढो अचम्म तरिकासंग पावल र पत्रुसको जातिय अनि धार्मिक पूर्वाग्रहहरु हटाइदिनुभयो (प्रेरित ९ अनि १०)। पावल जब परिवर्तन भए, उनी पूर्ण रुपमा नयाँ व्यक्ति बने अनि खीष्टलाई पछ्याए ।

तीन पटकसम्म दोहोरिएर दिइएको दर्शनमा, यहूदीहरुले अशुद्ध ठहऱ्याएको पशुहरु खानलाई परमेश्वरले पत्रुसलाई अह्राउनुभयो । यसरी, प्रभुले पत्रुसलाई निश्चित पार्नुभयो कि

उसले अयहूदीहरुलाई ग्रहण गर्न अनि सुसमाचार दिन सक्छ । यिनीहरु ती मानिसहरु थिए जसका आफ्नै धर्म र रीतिरिवाज अनि संस्कृतिहरु थिए, जसलाई यहूदीहरुले अछुत ठान्थे, अनि उनीहरुसित तिनीहरुको केही सम्बन्ध थिएन ।

पत्रुसले प्रेरित १०:९-१६ मा देखेको दर्शनको उद्देश्य के थियो ?

प्रेरित १:८ मा प्रभु येशूले उनीहरुलाई सामरियामा, एक छुट्टै परम्परा भएका छिमेकी मानिसहरुकहाँ जानलाई प्रभु येशूले आज्ञा गर्नुभयो । तपाईको मण्डलीको निम्ति कुन सांस्कृतिक अथवा मानव झुण्डलाई (यिनीहरुको संस्कृति छुट्टै भए पनि मिल्दोजुल्दो हुन्छ) "सामरिया" को रुपमा पाउनु भएको छ ?

प्रेरित अध्यायहरु १३ देखि २८ सम्म पावलको मिसनेरी यात्रा पाउँछौं । उनी एशिया, ग्रीस अनि रोमी साम्राज्यको राजधानी रोममा गए । यी ठाउँहरु अर्थात केही टाढाका राष्ट्रहरुमा मण्डलीहरु स्थापित भए ।

प्रेरित १५ मा, यरुशलेममा भएको यहूदी इसाईहरुको विशेष परिषदले अयहूदी इसाईहरु ग्रहण गर्ने निर्णय गरे । खीष्टमा भाइहरु हुनलाई उनीहरुले आफ्नो संस्कृति परिवर्तन गर्नु पर्दैनथ्यो ।



प्रेरितको पुस्तक अनुसार, सुसमाचार कति टाढोसम्म पुग्न सक्यो ?

सामरियातर्फ जानको लागि यहूदियाका सारा शहरहरुमा सुसमाचार प्रचार भइसकुञ्जेल तिनीहरुले पर्खिरहेनन् । एउटा ठाउँमा प्रचार नसकुञ्जेल पावल त्यहीँ बसिरहेनन् । जब कुनै एक ठाउँमा काम शुरु भयो, उसले स्थानीय एल्डरहरुको

वास्तामा मण्डलीलाई छोडेर, सुसमाचार नपुगेका अरु ठाउँहरुतिर उनी लागे । उनले आफ्नो राष्ट्रबाट अरु टाढा टाढासम्म यात्रा गरे ।

प्रेरितका विश्वासीहरुको काम अरु संस्कृतिका मानिसहरुलाई अनि टाढा टाढाका राष्ट्रहरुमा सुसमाचार प्रचार गर्नको लागि हाम्रो निम्ति उदाहरण हो । तिनीहरुले पृथ्वीको अन्तसम्म सुसमाचार लैजान चाहन्थे । नता श्रोतको अभावले, नता सतावटले, नता सांस्कृतिक वाधाहरुले उनीहरुलाई जानबाट र ोक्नसक्यो ।

मण्डलीको इतिहासमा महान आज्ञा

प्रेरितीय समयदेखि, परमेश्वरको अनुसार सारा संसारभरि सुसमाचार फैलिइँदै आएको छ । विश्वासीहरुको ठूलो बलिदानद्वारा यो सारा महादेशहरुमा फैलिएको छ ।

शुरुको मण्डली अति द्रूतगतिमा बढेको थियो । मण्डली र ोममा पनि सुसमाचार लगेको थियो जहाँ पावल शहीद बनेका थिए । त्यहाँ यसले जरा गाडचो अनि रोमन क्याथोलिक

धर्मको रुपमा फैलियो । शुरुमा यस मण्डलीले विस्तृत रुपमा सुसमाचार फैलाउने काम गऱ्यो । मिसनेरीहरु सारा यूरोपभरि पठाउने काम गऱ्यो । धेरै जना प्रभुमा समर्पित साधुहरु पनि बने । उनीहरुले टाडा टाडा खतराले भरिएका ठाउँहरुमा जानलाई परिवार, सांसारिक थोक, अनि नातागोताहरु त्यागे । प्रेरित पावल झैं उनीहरु अविवाहित बसे, अनि आफ्नो सपोर्ट जुटाउन आफै काम गरे । उनीहरुले प्रभुको आज्ञा पालक बन्न, पवित्रता कायम राख्न, अनि दरिद्रता अंगाल्न प्रतिज्ञा गरे । यूरोपका धेरै जनजातिहरुकहाँ सुसमाचार लैजानको निम्ति धेरैले प्राण अर्पण गरे । स्पेन, फ्रान्स, जर्मनी अनि ब्रिटेनभरि मण्डलीहरु स्थापित भयो ।



केही समय पश्चात, रोमन क्याथोलिक चर्चका केही अगुवाहरु सुसमाचारको सत्यदेखि टाडिन थाले । उनीहरु मात्र परमेश्वर को वचनको व्याख्याकार बन्ने अनि मुक्तिलाई “बेच्ने”

महत्वाकांक्षा उनीहरुको थियो । उनीहरुको स्वेच्छाचारी अधिकार नमान्नेहरुलाई उनीहरुले सताए । हरेक इसाईलाई बाइबल पढ्ने अधिकार छ अनि यसका शिक्षाहरुको अधिकार नै सर्वोच्च हो भनेर सिकाउने जोहन हसलाई १४१५ मा जिउँदै जलाइयो । त्यस समयमा हजारौं इसाईहरुलाई मारियो ।

मानिसहरुले आफ्नै भाषामा धर्मशास्त्रहरु पढ्न पाउन् भने बाइबल उल्था गर्ने काम गर्न रोमन मण्डलीले अनुमति दिएन, जसले गर्दा सुसमाचारहरु रोकियो । तर सोह्रौं शताब्दीमा प्रभुले उहाँको मण्डलीमा सुधार ल्याउनुभयो ।

इभान्जलिकल अभियानको वृद्धि, अनि धर्मशास्त्रको अनुवाद भएपछि, वचन अध्ययन अनि पालन गर्न सकियोस् भनेर धेरै मण्डलीहरु रोमन क्याथोलिक चर्चबाट अलग भए । अरु इमान्दार इसाईहरु रोमन चर्चभित्रै कुनै दिन यसभित्र सुधार आउला भनेर यसैमा रहिरहे ।

सन् १५१७ मा प्रोटेस्टेन्ट सुधार भएदेखि, सारा बाइबल सयौं भाषाहरुमा अनुवाद भएका छन् । अझ पनि हजारौं भाषामा धर्मशास्त्रको अनुवाद हुनु जरुरी छ ।

सर्वप्रथम, रोमी मण्डली:

- ☐ रोमी सम्राटहरुले नियन्त्रण गरेका मूर्ति पूजक थियो ।
- ☐ परमेश्वरको वचनप्रति विश्वासयोग्य रहेर विस्तृत रुपमा सुसमाचार प्रचार गरे ।

रोमी चर्च शुरुमा बाइबलीय अनि सुसमाचार र प्रभु येशू ख्रीष्टको महान आज्ञाप्रति आज्ञाकारी थियो, तर पछिबाट यो परमेश्वरको वचनबाट धेरै कुराहरुमा भिन्न हुँदैगयो ।

राष्ट्रमा प्रभावशाली सुसमाचार प्रचार हुनुबाट केले बाधा पुऱ्याएको थियो ?

- ☐ राष्ट्रहरुको भाषामा परमेश्वरको वचन अनुवाद नगरेर ।
- ☐ यातायातको सुविधा नभएर ।

मोराभियनहरु यूरोप छाड्ने प्रथम इभान्जलिकल मिसनेर ीहरुमध्ये थिए । एक जागृतिसहित मोराभियन मण्डली शुरु भएको थियो । काउन्ट जिन्जेन्डोर्फ नामक अगुवाको खुरन्धार प्रार्थनाद्वारा परमेश्वरले यो जागृति ल्याउनुभयो । मोराभियन मण्डलीका हरेक ६० जना सदस्य मिलेर विदेशमा एक मिसनेरी पठाउने गर्थे । उनीहरु गरीब भएको कारण, धेरै मिसनेरीहरुले ता यूरोपमा भएका आफ्ना घरेलु मण्डलीबाट कुनै सहयोग प्राप्त गर्दैनथे । उनीहरुले प्रेरित पावलले झैं आफ्नो सहयोग आफै जुटाउन काम गर्थे ।



हावापानी नमिलेर अथवा कुनै विशेष रोगको आक्रमणमा परेर शुरु शुरुका धेरै मिसनेरीहरु मरे । तरै पनि तिनीहरु सुसमाचार प्रचारको निम्ति बाहिर जाने गर्थे, किनकि उनीहरुमा प्रभुको आज्ञा पालन गर्दै संसारको कुना कुनामा पुग्ने खास इच्छा थियो । व्यापारीहरु झैं, धेरै जना झुण्डहरुमा, अनि कति जना चाहिँ एकलै यात्रा गरे ।

शुरुका इभान्जलिकल मिसनेरीहरुमध्ये धेरैले आफ्नो सहयोग कसरी जुटाए ?



सन् १७९२ मा विलियम केरीले एक मिसनेरी सोसाइटी स्थापित गरेर उनी भारत आए, अनि अरु मिसनेरी-सहकर्मीहरुसित मिली तिनले ३० वटा भन्दा बढी भाषाहरु धर्मशास्त्रको उल्था गरे । उसको आदर्श भनाइ थियो– "परमेश्वरबाट महान कुराको आशा गर, अनि परमेश्वरको निम्ति महान कुरा गर्ने लक्ष्य राख ।"

सन् १८४१ मा डेविड लिभिङ्गस्टोनले अफ्रिकाको जङ्गल अन्वेषण गर्न थाले । यसबाट विस्तृत अभिरुची जागेपछि, सयौं मिसनेरीहरुले उसकै उदाहरण पछ्याएर यस महादेशको भित्री भागहरु छिचोल्न थाले । यी प्रयासहरुद्वारा, लाखौं अफ्रिकनहरु खीष्टमा परिवर्तन भए ।

सन् १८८२ मा फ्रान्सिस पेन्जोत्तीले ल्याटिन अमेरिकाका सबै देशहरुमा बाइबल लाने काम गर्न थाले । आफ्नो विश्वासको निम्ति उनी जेलमा परे तापनि, उसले काम जारी राखे । उनी जस्ता मिसनेरीहरुको दर्शनद्वारा, सुसमाचार अब ल्याटिन अमेरिकाको प्रायः सम्पूर्ण भागहरुमा पुगिसकेको छ ।



सन् १८६५ मा, प्रभुको निम्ति चीनलाई जित्ने दर्शन पाई, हडसन टेलरले ८०० मिसनेरीहरुलाई परिचालन गरे। उसले धेरै कष्ट पाए। आफ्नी पत्नी र छोरीको निधन चीनमा नै भएर पनि उनले आफ्नो सेवकाइ जारी राखे। उनी र उनका विश्वासयोग्य मिसनेरीहरुले डरलाग्दो सतावटमा पनि आफ्ना कामहरु जारी राखेका छन्।



धेरै स्त्रीहरुले पनि वर्तमान कालको मिसनेरी अभियानमा योगदान दिएका छन्। यसै शताब्दीमा, हेलेन रोजभिएर मिसनेरी डाक्टर बनेर कङ्गो (अहिले मध्य अफ्रिकामा भएको जाइरे) गइन्। उनी विवाह गर्न चाहन्थिन्, तर परमेश्वरसंग उसको निम्ति अर्कै योजना थियो। यसर्थ उनी अविवाहित नै रहिन्।

स्वतन्त्रताको युद्धको बेला, उनलाई भ्यालखानमा थुनियो अनि गुरिल्लाहरुले उसलाई कठोर व्यवहार गरे । तर उनी त्यहीँ र हिरहिन् । उनले कङ्गोमा एक मेडिकल अध्ययन केन्द्र र एक प्रभावशाली साक्षी छाडेकी छिन् ।

वर्तमानमा धेरै ठूला मिसनेरी अभियानहरु चलिरहेका छन् । परमेश्वरले दर्शन भएका स्त्री अनि पुरुषहरुलाई मिसनेरीहरुको रुपमा स्थापित गर्नुभएको छ । यिनीहरुले अरु हजारौंलाई प्रभुको निम्ति जानलाई प्रोत्साहित पारेका छन् ।

हामी परमेश्वरको प्रशंसा गर्दछौं किनकि यी ठाउँहरुमा अब मिसनको केन्द्र हुनु खाँचो छैन, तर उनीहरुले मिसनेरीहरु पठाउन सक्छन् ।

आज नयाँ मण्डलीहरुबाट सारा संसारको निम्ति हजारौं मिसनेरीहरु जाने अभियान धेरै प्रार्थनासाथ शुरु भएको हो । यो प्रभु येशू खीष्टको आज्ञा पालन गर्ने सरल इच्छाद्वारा नै प्रेरित भएको हो ।

साहसी मिसनेरीहरुको दर्शनद्वारा आज हामीले ख्रीष्टको प्रेमलाई जानेका छौं । यदि उनीहरु आफ्नै देशहरुमा प्रचार गर्दै बसिरहेको भए, (त्यहाँ पनि ठूलो खाँचो त छ), हामीले ख्रीष्टको सुसमाचार पाउने थिएनौं । उनीहरुले येशू ख्रीष्टको आज्ञा पालन गरेको निम्ति परमेश्वरलाई धन्यवाद होस् !

यी दिनहरुमा, एक नयाँ मिसनेरी अभियान विकास भएको छ । यसको धडकन यूरोप अथवा संयुक्त राज्यमा शुरु भएको होइन । यसको शुरुवात "तेस्रो विश्व" मा भइरहेको छ । भारतमा, राष्ट्रीय मण्डलीहरुले उनीहरुको आफ्नै देशमा सुसमाचार नपुगेका जनजातिहरुकहाँ, अनि बाहिरतिर मिसनेरीहरु पठाइरहेका छन् । यीमध्ये कतिपय मिसनेरी संस्थाहरुले भारतबाहिरका मण्डलीहरुबाट सहयोग प्राप्त गर्न इन्कार गरिरहेका छन् । उनीहरु प्रभुमा भरोसा गर्न रुचाउँछन् । उनीहरुको मिसनेरी संस्था राष्ट्रीय अनि स्वशासित छन् । यसको निम्ति प्रभुले उनीहरुलाई आशिष दिनुभएको छ । यसरी तिनीहरुको सेवकाइ बाहिर देशबाटको स्रोत र अगुवापनमा भर परेको भन्दा बढी आशिषित भएको छ ।

यो नयाँ मिसनेरी अभियानमा संलग्न संस्थाहरु केमा मात्र भर परेका छन्:

☐ विदेशी स्रोतहरुमा ।

☐ उनीहरुको आफ्नै स्रोतहरुमा ।

उनीहरुको आफ्नै मण्डलीहरु (जो अति गरीब छन्) ले पठाएर, आज १५,००० भन्दा बढी इभान्जलिकल अफ्रिकी, एशियन अनि ल्याटिन अमेरिकी मिसनेरीहरु विदेशहरुमा सेवकाइ गरिर हेका छन् । हामी प्रार्थना गरौं कि फसल कटनीमा जानको लागि प्रभुले अझ धेरैलाई प्रभुको आज्ञा पालन गर्ने तुल्याउन् । (मत्ती ९:३७-३८)

के केवल धनी देशहरुका इसाईहरुले मात्र उहाँको महान आज्ञा पूरा गर्नुपर्ने प्रभुको इच्छा हो र ? के परमेश्वरको अनन्त योजना धनीहरुमाथि भर परेको छ ? पावलले भनेका छन् कि परमेश्वरले यस संसारमा धनी, बलिया अनि ज्ञानीहरुलाई शर्ममा पार्नको लागि कमजोर र अवहेलितहरुलाई प्रयोग गर्नुहुन्छ (१ कोरन्थी १:२६-२८)। जसरी पावल, मोराभियनहरु, प्राचीन समयका साधुहरुले काम गरेर कमाउँथे, त्यसरी नै मिसनेरीहरुले पनि आफ्नो जीविका उपार्जन गर्नसक्छन् ।

यो नयाँ मिसनेरी अभियानलाई बलियो पार्न अनि अरुसित परिचय गर्न तपाईको मण्डलीले के गर्नसक्छ ?

के गर्न बाँकी छ ?

सारा राष्ट्रहरुमा गएर महान आज्ञा पूरा गर्नको निम्ति हामीले अझ के गर्न बाँकी छ ? संसारका कुन भागहरुमा अझ पनि खीष्टका चेलाहरु भेट्टाइन्नन् ?

विगत शताब्दीमा संसारको जनसंख्या यति धेरै बढेको छ कि केवल आधाले मात्र सुसमाचार सुन्न पाएको छ । अझ लगभग १२,००० सांस्कृतिक झुण्डहरु छन् जसकहाँ सुसमाचार पुगेको छैन अनि एउटा पनि मण्डली छैन ।

कति राष्ट्रहरु छन् जहाँ एउटै पनि मण्डली छैन । कति देशहरुमा, एकजना मिसनेरीलाई दश लाख भन्दा बढीलाई सुसमाचार सुनाउनु पर्ने जिम्मेवारी छ (तर अधिकारीहरुले उसको मिसनेरी कामबारे सुइँको नपाओस् भनेर उसले आफ्नो जीविका उपार्जन पनि गर्नु परेको छ ।)

संसारको कति प्रतिशत मानिसहरुले अझ पनि सुसमाचार सुनेका छैनन् ?

☐ एक चौथाइ ।

☐ आधा ।

संसारको आधा जनसंख्याले अझ पनि सुसमाचार सुनेका छैनन् ।

अझ पनि सुसमाचार सुन्न बाँकी भएका मानिसहरु विशेष गरी तलका पाँच ठूला झुण्डहरुमा पर्दछन्:

- चाइनीज
- बौद्ध
- मुस्लिम
- हिन्दू
- प्रकृति पूजकहरु

चाइनीज



संसारमा हरेक ५ मध्ये १ जना चाइनीज हो ।

चीन संसारमा सबैभन्दा बढी जनसंख्या भएको देश हो । पृथ्वीमा भएको हरेक पाँच जना व्यक्तिमा एक जना चाइनीज पर्दछ । यो वर्तमान साम्यवादी सरकारको अधीनमा उनीहरु सम्पूर्ण रुपले भौतिकवादी भएका छन् । चाइनीज सरकारले इसाईहरुलाई धेरै सताएको छ ।

चीन देशभित्र विभिन्न भाषाहरु र संस्कृतिहरु भएको सयौं "र ाष्ट्रहरु" छन् । हरेक राष्ट्रमा करोडौं जनसंख्या छन् तर अति थोरै इसाई साक्षीहरु ।

केही चाइनीजहरुले ताओको धर्म मान्छन् । कतिले बुद्ध धर्म, मुस्लिम धर्म अथवा कन्फूसियसलाई मान्छन् ।

चाइनीज मण्डलीहरुमा निकै बढ्ती भइरहेको निम्ति प्रभुलाई धन्यवाद होस् । तर करोडौं चाइनीजहरुले अझ पनि सुसमाचार सुन्ने मौका पाएका छैनन् ।

हिन्दू

प्राय जसो हिन्दूहरु भारतमा रहन्छन् । उनीहरु पृथ्वीमा भएका सबैभन्दा बढी मूर्तिपूजकहरु हुन् । देशको केही भागहरुमा, विशेष गरी दक्षिणमा, सुसमाचार फैलिएको छ । तर अझ पनि विभिन्न भाषाहरुसहित सयौं सांस्कृतिक झुण्डहरु छन्, जसले अझ पनि सुसमाचार सुनेका छैनन् ।



हिन्दूहरुले केही जन्तुहरु लगायत धेरै देवीदेवताहरु पुज्छन् । उनीहरु विश्वास गर्दछन् कि उनीहरुले पूर्वजन्ममा गरेको कर्मअनुसार कुनै व्यक्ति अथवा पशु बनेर फेरि जन्मनु पर्दछ (पुनर्जन्म)। उसको सम्पूर्ण पापको निम्ति सबै तिरेर उनी सिद्ध व्यक्ति नबनूञ्जेल, उसको मृत्यु र पुनर्जन्मको प्रक्रिया चलिर हन्छ । उनीहरु सोंच्दछन् कि यो जीवनमा भएका कष्टहरु पूर्वजन्मको पापको कारण हो । प्रभु येशूले उनीहरुको पाप क्षमा गर्नुहुन्छ भनेर उनीहरुलाई अझ पनि थाहा छैन ।

उनीहरुको मूर्तिपूजा, अन्धविश्वास अनि अन्तहीन पुनर्जन्मको गलत विश्वासबाट तिनीहरुलाई बचाउन हामीले उनीहरुलाई के भन्नुपर्छ ।

बुद्धमार्गीहरु

सुसमाचार नसुनेका प्रायः जसो बुद्धमार्गीहरु दक्षिणपूर्वी एशियाका देशहरु, मंगोलिया अनि चीनमा छन् ।

उनीहरुले बुद्ध (ज्ञान पाएका व्यक्ति) का शिक्षाहरु पालन गर्छन् । हिन्दूहरुले झैं उनीहरुले पनि पुनर्जन्मकै रुपलाई विश्वास गर्दछन् । कति बुद्धमार्गीहरुले धेरै समय ध्यानमा बिताउँछन् । उनीहरु पुनर्जन्मको चक्रबाट फुत्कन चाहन्छन्, अनि अरु जिउन चाहँदैनन्, किनभने जीवन कष्टदायक छ भनी उनीहरु विश्वास गर्दछन् । अरु कतिले चाहिँ बुद्धलाई तिनीहरुको देवता बनाएका छन् । यस पृथ्वीमा सहायता प्राप्त गर्नको निम्ति उनीहरुले बुद्धलाई अनि अरु ईश्वर तथा आत्माहरुलाई प्रार्थना गर्दछन् ।

हाम्रा जीवनमा येशू खीष्टद्वारा दुष्टताबाट छुटकारा दिनुहुने व्यक्तिगत अनि सर्वशक्तिमान परमेश्वरबारे उनीहरुले जानेका छैनन् ।

हिन्दूहरुले झैं, बुद्धमार्गीहरुले पनि पुनर्जन्ममा विश्वास गर्दछन् । यसको अर्थ के हो ?

मुस्लिमहरु

यिनी मुख्य गरी उत्तरी अफ्रिका, मध्य पूर्व, अनि दक्षिण एशियाका देशहरुमा पाइन्छन् । यिनीहरुमध्ये धेरै बढो अन्धाधुन्धमा आफ्नो धर्मलाई पछ्याउनेहरु छन् । उनीहरुले अरुहरुलाई मुस्लिम धर्ममा ल्याउने ध्येय राखी मुस्लिम मिसनेरीहरु पठाउँछन् । उनीहरुले इसाई मिसनेरीहरुलाई उनीहरुको देशमा छिर्न पनि दिनचाहँदैनन् । जो जो खीष्टमा आएका छन्, तिनीहरुलाई उनीहरुले सताउने अनि मार्ने गर्छन् ।

मुस्लिमहरुले एउटै ईश्वर, अल्लाहमा विश्वास गर्छन् । उनीहरुले बाइबलको केही भागलाई अल्लाहको वचनको रुपमा मान्छन्, तर इसाईहरुले बाइबललाई परिवर्तन गरेका छन् भनी उनीहरु विश्वास गर्छन् । ख्रीष्ट परमेश्वरको पुत्र हुन् अनि उहाँले बचाउनु हुन्छ भनी तिनीहरुले विश्वास गर्दैनन् । उहाँ त एक अगमवक्ता मात्र हुनुहुन्छ भनी तिनीहरु विश्वास गर्छन् ।

सातौं शताब्दीमा जिएका अगमवक्ता मुहम्मदलाई मुस्लिमहरुले पछ्याउँछन् । कुरान उनीहरुको पवित्र पुस्तक हो जसलाई उनीहरुले बाइबललाई भन्दा बढी आदर गर्दछन् । परमेश्वरले नै यो मुहम्मदलाई प्रकट गर्नुभएको हो भनी उनीहरु विश्वास गर्दछन् । येशू नमरीकन सोझैं स्वर्गारोहण हुनुभयो भनी कुरानले सिकाउँछ ।

उनीहरुको धर्म चाहिँ नयाँ करारका फरिसीहरुको जस्तै हो जसले असल धर्मकर्मबाट उद्धार प्राप्त गर्नसकिन्छ भनी सिकाउँदछ । उनीहरुले अझ पनि यो रहस्य जान्दैनन् कि कामबाट होइन तर हाम्रो विश्वासद्वारा ख्रीष्टले हामीलाई बचाउनुहुन्छ ।

कसरी उद्धार पाउँछौं भनेर मुस्लिमहरुले सोंच्छन् ?

प्रकृतिपूजकहरु

हरेक महादेशमा नै जाति तथा जनजातिहरु छन् जो मुख्य गरी “प्रकृतिपूजकहरु” हुन्छन् । उद्भिदमा, पशुहरुमा, नदीहरुमा, तालहरुमा, ढुङ्गाहरुमा, प्राण हुन्छ भनी उनीहरु विश्वास गर्दछन् । उनीहरुले हरेक आत्मामाथि भएको उद्धार गर्नसक्ने शक्ति भएको, परमेश्वरको पुत्र, येशू ख्रीष्टको नाउँ जानेकै छैनन् । उनीहरु डर, अन्धविश्वास अनि वेदनामा जिउँछन्, अनि ती आत्माहरुलाई खुशी राख्ने हरप्रयत्न गर्दछन् अनि तिनीहरुले विश्वास गरेको तिनै आत्माहरुले तिनीहरुको जीवनका हरेक भागमा दुष्प्रभाव पारेको हुन्छ ।



प्रकृतिपूजकहरुलाई स्वतन्त्र पार्न सुसमाचारका कुन तत्त्वहरुलाई जोड दिनुपर्दछ:

- परमेश्वरले सबै थोकहरु, उद्भिद्हरु, पशुप्राणीहरु, आदि सृष्टि गर्नुभयो (उत्पत्ति १-२)। सबै सृष्टिमाथि परमेश्वरको शक्ति छ।

- परमेश्वर एक व्यक्ति हुनुहुन्छ, कुनै सृष्टि गरिएको थोक होइन। यसैकारण कुनै सृष्टि गरिएको थोकलाई उपाषना नगर्न उहाँले आज्ञा गर्नुहुन्छ।

- परमेश्वरको पुत्र, येशू ख्रीष्टको सबै आत्माहरुमाथि शक्ति छ। उहाँले हामीलाई उहाँको मृत्यु र पुनरुत्थानद्वारा बचाउनुहुन्छ।

पाँचवटा बाधाहरु हामीले पार गर्नैपर्छ

संसारको जनसंख्याको आधा भागले अझसम्म सुसमाचार सुनेका छैनन्। परमेश्वरको योजना संसारको सारा परिवारहरुलाई उहाँको उपस्थिति र महिमामा ल्याउनु हो। यो लक्ष्य

हासिल गर्न, हरेक झुण्डमा मण्डलीहरु स्थापना उहाँ चाहनुहुन्छ। प्रभुको यो महान आज्ञा पूरा गर्नमा शैतानले हामीलाई बाधा पुऱ्याउँछ।

"किनभने हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टचाइँका आत्मिक सेनाहरुका विरुद्ध हो।"

(एफिसी ६:१२)

दृढ विश्वास अनि निरन्तर प्रार्थनाद्वारा प्रभुले पर्खालहरु तोड्नु हुन्छ, अनि हामीलाई ती बाधाहरु पार गर्न अनुमति दिनुहुनछ:

१. दूरत्वका बाधाहरु

प्राय सबै सुसमाचार नपुगेका मानिसहरु टाढा टाढा अथवा एकलास ठाउँहरुमा रहन्छन् । दृढ विश्वासबिना दूरत्व र खर्चको कारण हामी तिनीहरुकहाँ जान साहसै गर्नसक्तैनौं ।

त्यति धेरै पैसा तिमीले कहाँ पाउनेछौ ?

२. सरकारी प्रतिबन्धका बाधाहरु

सुसमाचार नपुगेका मानिसहरुमध्ये धेरै जसो सुसमाचार को विरुद्ध भएका सरकारहरुको अधीनमा छन् । तिनीहरुले मिसनेरीहरुलाई छिर्नै दिँदैनन् । तिनीहरुले

कसैलाई पनि सुसमाचार प्रचार गर्न दिँदैनन् । गुप्तमा प्रचार-प्रसार गर्न "भूमिगत" मण्डलीहरु स्थापना गर्नु परेको छ । यसको निम्ति धेरै साहस चाहिन्छ ।



मिसनेरीहरुले प्रवेशाज्ञा (भिसा) पाउँदैनन्

३. भाषाका समस्याहरु

सुसमाचार नपुगेका मानिसहरुले अर्कै भाषा बोल्छन् । तिनीहरुको रीति हाम्रो भन्दा एकदमै भिन्नै हुन्छ । हामीहरुले उनीहरुको रीति र भाषा राम्ररी नसिकुञ्जेल हामीले उनीहरुलाई सुसमाचार अभिव्यक्त गर्नैसक्तैनौं ।



भाषा कसरी सिक्ने ?

४. सतावटका बाधाहरु

सुसमाचार नपुगेका क्षेत्रहरुमा, मिसनेरीहरु अनि नयाँ गरी विश्वासमा आएकाहरुले कष्ट भोग्नुपर्दछ । वास्तवमा, हरेक वर्ष, एशियामा हजारौं इसाईहरुले शहीद भएर मर्नुपर्दछ (हरेक वर्ष संख्या बढिरहेको छ)। अझ अरु पनि मर्नेछन् । (प्रकाश ६:९-११, १२:१७, १७:६)



तिमीले कष्ट पाउनेछौ !

५. स्वार्थीपन अथवा डरका बाधाहरु

येशू ख्रीष्टले हामीलाई कटनी गर्नको निम्ति तयार भएको बालीमा हेर्नको निम्ति आव्हान गर्नुभयो (यूहन्ना ४:३५)। तर कति मण्डलीहरुले उनीहरुका आफ्ना मानिसहरुको खाँचोलाई मात्र ध्यान दिने गर्छन् । उनीहरुले अरु क्षेत्रमा भएका यी सुसमाचार नपुगेका वृहत क्षेत्रलाई देख्दै-देख्दैनन् ।

शैतानले कमजोर इसाईहरुलाई यी बाधाहरुको पछाडि जमेर रहनको निम्ति प्रोत्साहित गर्दछ । हजारौं मिसनेरीहरु भए तापनि, थोरै मात्र सुसमाचार नपुगेका झुण्डहरुकहाँ जान्छन् । दसमध्ये नौ जना जहाँ मण्डली छन् त्यहीँ जान्छन् । दसमा केवल एक जना मात्र खीष्टको साक्षी नपुगेको राष्ट्रमा जाने गरेको देखिन्छ । मुख्य कुरो चाहिँ प्रभुले हामीलाई जहाँ डोऱ्याउनु हुन्छ त्यहीँ जानु हो, अनि हजारौं बहानाहरुको पछि लुक्नु होइन ।

यी बाधाहरु भयङ्कर छन् । उनीहरुको मण्डलीले धेरै प्रार्थना र विश्वाससाथ नपठाए, कसैले पनि नाघ्न सक्तैन ।

एन्टियोकको मण्डलीले उपवास बसेर प्रार्थना गऱ्यो, अनि पावल र बर्णाबासमाथि हात राखेर अभिषेक गऱ्यो, ताकि पर मेश्वरले सबै बाधाहरुमाथि विजय हुनको निम्ति तिनीहरुलाई शक्ति दिऊन् (प्रेरित १३:३)।

माथि भनिएका बाधाहरुमध्ये कुन चाहिँमाथि विजय हासिल गर्न तपाईलाई निकै गाह्रो पर्ला ? किन ?

यी बाधाहरुमाथि विजयी बन्न तपाईले के गर्नसक्नुहुन्छ ?

संसारका सबै राष्ट्रहरु आशिषित पार्न उहाँको योजना पूरा गर्न प्रभुले विश्वास भएका स्त्री अनि पुरुषहरु खोजिरहनुभएको छ ।

तब मैले प्रभुको आवाज यसो भनिरहनु भएको सुनें: *"म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने ?"* अनि मैले भनें, *"म हाजिर छु ! मलाई पठाउनुहोस् ।"*

(यशैया ६:८)

आज, प्रभुले आफ्ना मण्डलीहरुलाई सोधिरहनु भएको छ:

"प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा सुनैकै छैनन् उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरुले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरुले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर !"

(रोमी १०:१३-१५)

"राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।"

(मत्ती २४:१४)

अभ्यासको काम

- उत्पत्ति २२:१८ कन्ठ पार्नुहोस्: *"तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरु आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्।"*

- तपाईको मिसनेरी दर्शन र यो अध्ययनका शिक्षाहरु तपाईको मण्डलीसंग बाँडचुँड गर्नोस् ।

- हरेक साता सबै मण्डलीसित मिलेर मिसनेरी कामको निम्ति प्रार्थना गर्नोस् ।

- हरेक महिना बाहिर विदेशमा भइरहेको मिसनेरी कामको निम्ति भेटी संकलन गर्नोस् ।

- तपाईको मण्डली एक मिसनेरी मण्डली हुनको निम्ति प्रोत्साहित गर्नोस् । मिसनेरीहरु तयार पार्नोस् अनि पठाउनोस् ।

- मण्डलीको हैसियतमा, कुनै सुसमाचार नपुगेको झुण्डकहाँ तपाईले मिसनेरी पठाउने काममा ध्यान लाउनोस् ।

- तपाईको झुण्डमा भएका सदस्यहरुमध्ये जसले आफ्नै शहर, देश, अथवा विदेशमा मिसनेरी हुने बोलावट पाउँछ, उसलाई तयारी पार्नको निम्ति तालीम र वृद्धिको तेस्रो तह अध्ययन जारी राख्नोस् । (हेर्नोस् विद्यार्थी क्रियाकलाप गाइड ।)

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

027NP01A-01